आज मिति २०८२/७/२४ गते यस लिम्चुङबुङ गाउँपालिकाको अध्यक्ष श्री मेजर कुमार राई ज्यूको अध्यक्षतामा आ.व. ०८२/०८३ को सातौं कार्यपालिका बैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावहरुमाथि छलफल गरी आवश्यक निर्णय गरियो ।

उपस्थितिहरुः

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मेजर कुमार राई | अध्यक्ष | |
| २ | श्री पुष्पलाल राई | उपाध्यक्ष | |
| ३ | श्री जनदिप थापा मगर | १ नं वडा अध्यक्ष | |
| ४ | श्री जितेन्द्र राई | २ नं वडा अध्यक्ष | |
| ५ | श्री गुरुमणी कुमाई | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री छत्र बहादुर राई | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री कबिचन्द्र राई | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ९ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| १० | श्री पृथी रसाईलि | कार्यपालिका सदस्य | |
| ११ | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १३ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १४ | श्री सन्देश राई (प्र.प्र.अ.) | सदस्य सचिव | |
| १५ | श्री बिपन राई (कम्प्यूटर अपरेटर) | सचिवालय कर्मचारी | |
| आमन्त्रीतहरु | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

सन्देश राई
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) को (ग) बमोजिम प्रमाणित गरिएको ।

लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर
कोशी प्रदेश, नेपाल

प्रस्तावहरुः

१. तथ्याङ्क संकलन सम्बन्धमा ।
२. विपद व्यवस्थापन सम्बन्धमा ।
३. जनतासंग गाउँपालिकाको समृद्धी संवाद कार्यक्रम सम्बन्धमा ।
४. ठेक्का आह्वान सम्बन्धमा ।
५. ताकेता सम्बन्धमा ।
६. योजना सम्झौता सम्बन्धमा ।
७. काज फिर्ता सम्बन्धमा ।
८. आर्थिक सहयोग सम्बन्धमा ।
९. गत आ.व. को MCH प्रेषण भाडा उपलब्ध गराउने सम्बन्धमा ।
१०. म.स्वा.स्वंसेविका विदाई गर्ने सम्बन्धमा ।
११. ECG मेशिन खरिद सम्वन्धमा ।
१२. दोस्रो रनिङ विल भुक्तानी सम्वन्धमा ।
१३. प्राविधिक फिल्ड भत्ता सम्बन्धमा ।
१४. बजेट रकमान्तर सम्बन्धमा ।
१५. जग्गा वर्गिकरण सम्बन्धमा ।
१६. जिम्मेवारी दिने सम्बन्धमा ।
१७. सुत्केरीलाई दुहुनो गाई दिने सम्बन्धमा ।
१८. प्रोत्साहन भत्ता सम्बन्धमा ।
१९. बहुक्षेत्रीय पोषणको योजना स्वीकृत गर्ने सम्बन्धमा ।
२०. साँस्कृतिक प्रतिष्ठान समिति गठन सम्बन्धमा ।
२१. कार्यविधि संशोधन गर्ने सम्बन्धमा ।
२२. सोध अनुशन्धान सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) को (ज) बमोजिम प्रमाणित गरिएको ।

निर्णयहरुः

१. यस लिम्चुङबुङ गाउँपालिकामा सामुदायिक एकिकृति विकास कार्यक्रमको लागि गाउँपालिकावासीहरुले आफ्नो जनजीविको पार्जन गर्ने क्रममा के-कति जनाले कृषि तथा पशु पालन पेशामा आवद्ध छन? उनीहरुको स्वास्थ्य स्थिति के-कस्तो छन? शैक्षिक अवस्था कस्तो छ? सडक संरचणाको अवस्था के कस्तो छ? भन्ने बारेमा जानकारीको लागी आवश्यक तथ्याङ्क संकलन गर्नु पर्ने भएको हुँदा सो तथ्याङ्क संकलनको लागि कृषि, पशु, शिक्षा, स्वास्थ्य प्राविधिक लगायत आवश्यक्ता अनुसारको शाखाहरुलाई जिम्मेवारी दिने भनि सर्वसम्मत निर्णय गरियो ।

२. यस लिम्चुङबुङ गाउँपालिका अन्तर्गत विपदको कारणले सडक मर्मत गर्नु पर्ने भई मर्मत गरेको सडकहरुको प्राविधिक मूल्याङ्कन बमोजिम भुक्तानी गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

३. एकै पुस्तामा लिम्चुङबुङलाई समृद्ध बनाउन जनतासंग गाउँपालिकाको समृद्धी संवाद कार्यक्रम २०८२ साल पौष महिनाको १ गते देखि सञ्चालन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

४. यस लिम्चुङबुङ गाउँपालिकाको लागि राष्ट्रिय योजना आयोगबाट समपुरक अनुदानमा चालु आ.व. ०८२/०८३ देखि तीन वर्षको रातो किताबमा प्राप्त रौतामाई,१-माझखर्क-लिम्चुङबुङ गाउँपालिका,३ बाराहा सडक निर्माण योजनामा विनियोजित बजेटलाई कार्यान्वयन गर्नको लागि चालु आ.व.मा प्राप्त बजेट बराबरको ठेक्का आह्वान गरी सडक निर्माण कार्य गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

५. यस लिम्चुङबुङ गाउँपालिका कार्यालयबाट ठेक्का आह्वान गरी ठेक्का नं. LRM/Udayapur/NCB/02/078/79, Construction of 2 Storey 4 Room School Building, ward no 3, Baraha. को निर्माण कार्यकोलागि Shree Bhusnamchha/Majheri JV, Triyuga-03, Udayapur संग मिति २०७८/०९/१३ गते कबोल अंक रू ४१,९२,७६७.९९ मा सम्झौता गरिएको तर सम्झौता बमोजिम उक्त निर्माण कार्य समयमा सम्पन्न नभएको साथै सम्पन्न भएको संरचनामा DLP Period ( मिति २०८०/१२/३०) ननाघि समस्या (Structural Problem) आएकोले सात (७) दिन भित्र सम्पर्कमा आई छिटो भन्दा छिटो मर्मत तथा बाँकी रहेको कार्य सम्पन्न गर्नुहुन जानकारी गराईन्छ, अन्यथा प्रचलित कानुन बमोजिम बैंक जमानत रोक्का गरि धरौटी रकमबाट मर्मत गर्ने प्राविधिक टोलीबाट लागत अनुमान तयार गरी निर्माण गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) को (ज) बमोजिम प्रमाणित गरिएको

६. यस लिम्चुङबुङ गाउँपालिकाको चालु आ.व. ०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सञ्चालन गर्नु पर्ने योजनाहरुको अन्तिम सम्झौता २०८२ साल चैत्र मसान्त सम्म मात्रै गर्ने सो भन्दा पछाडी सम्झौता नगर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

७. यस लिम्चुङबुङ गाउँपालिकाको २०७९/९/२३ गतेको कार्यपालिका वैठकको निर्णय नं २६ ले यसै गाउँपालिकाको वडा नं १ बाँसबोटेमा रहेको श्री जनता आ.वि. फ्याङ्सुली विद्यालयमा प्रा.शि. तहमा कार्यरत शिक्षक श्री अशोक राईलाई शिक्षा शाखामा सहायकको रुपमा काजमा ल्याउने भनि निर्णय भएसंगै मिति २०८०/१०/२४ गते देखि यस कार्यालयमा हाजिर समेत भएको, अतः प्रदेश लोकसेवा आयोग कोशी प्रदेशको मिति २०८२/६/३१ गतेको पत्रानुसार प्राविधिक सहायक पदमा स्थायी पदपुर्तीको लागि कर्मचारी सिफारिस गरि पठाएसंगै यस कार्यालयबाट मिति २०८२/७/२ गते स्थायी नियुक्ति समेत दिईएको हुँदा शिक्षा शाखाको दरबन्दी अनुसार सवै पदमा पदपुर्ती भएको कारण काजमा कार्यरत कर्मचारी श्री अशोकराईलाई मिति २०८२/७/२१ गते देखि लागु हुने गरी निजकै विद्यालयमा काज फिर्ता गर्ने भनि मिति २०८२/७/२० गतेको अधिकृतस्तरीय निर्णयलाई सदर गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

८. यस लिम्चुङबुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा आर्थिक सहयोग गरिपाउँ भनि विभिन्न व्यक्तिहरुले विभिन्न मितिमा निवेदन पेश गरेको हुँदा निजहरुलाई तपसिल बमोजिम आर्थिक सहयोग र खाद्यन्न दिने साथै यस पछि विपद तथा आर्थिक सहयोग सम्बन्धी घटना घटी निवेदन परेमा अध्यक्षज्यूको तोकादेशबाट भुक्तानी गर्न अख्तियारी दिने भनि सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

| सि.नं | निवेदक | वडा नं | आर्थिक सहयोग | कैफियत |
|---|---|---|---|---|
| १ | बम बहादुर तामाङ | वडा नं ३ | २००००।०० | आगलागी |
| २ | ढाक बहादुर राई | वडा नं ४ | २००००।०० | आगलागी |

९. यस लिम्चुङबुङ गाउँपालिकाको कार्यपालिका वैठकको निर्णय अनुसार यस गाउँपालिका अन्तर्गत MCH गराउन नसकिएको गर्भवती महिलाहरुलाई बाहिर प्रेषण गरे बापत भाडा स्वरुप १००००।०० उपलब्ध गराउने गरिएको निर्णय बमोजिम गत आ.व. ०८१/०८२ मा पुजना राईलाई रकम अपुग भएको कारण उपलब्ध गराउन नसकिएको कारण निजलाई यस चालु आ.व. मा भुक्तानी दिनको लागि स्वास्थ्य शाखा तथा लेखा शाखालाई जिम्मेवारी दिने भनि सर्वसम्मत निर्णय गरियो ।

१०. यस गाउँपालिका अन्तर्गत महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट व्यक्तिहरुलाइ उमेर हदको कारण विदाई गर्नु पर्ने भएको हुँदा नियमानुसार विदाई कार्यक्रम सञ्चालन गर्नको लागि स्वास्थ्य शाखालाई निर्देशन दिने भनि सर्वसम्मत निर्णय गरियो ।

११. यस लिम्चुङबुङ गाउँपालिकाले सञ्चालन गरेको श्री एल.वि.कार्की स्मृति लिम्चुङबुङ अस्पतालबाट सेवा सुविधा उपलब्ध गराउने गरी आवश्यक बमोजिम ECG मेशिन स्वास्थ्य शाखाको विविध शिर्षकबाट खरिद गर्न अनुमति दिने भनि सर्वसम्मत निर्णय गरियो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) को (ज) बमोजिम प्रमाणित गरिएको ।

प्रमुख प्रशासकीय अधिकृत

१२.यस लिम्चुङबुङ गाउँपालिकाको वडा नं ४ बलम्तामा निर्माण गरि रहेको स्वास्थ्यचौकी भवन निर्माण योजनाको लागि गाउँपालिका उपाध्यक्षज्यूले अनुगमन गरी प्राविधिक शाखाले तयार गरेको रनिङ्ग विल अनुसार भ्याट सहित रु, १७,२३,५५३.९९ रुपैंया मात्र दोस्रो रनिङ विल स्वरुप त्रिवेणी ईन्जिनियरिङ कन्ट्रक्शन एण्ड सप्लार्स प्रा.लि.लाई निकासा दिने भनि सर्वसम्मत निर्णय गरियो ।

१३.यस लिम्चुङबुङ गाउँपालिकाको प्राविधिकहरुलाई दिदै आएको फिल्ड भत्ता निरन्तर दिने भनि सर्वसम्मत निर्णय गरियो ।

१४.यस गाउँपालिकापा र एभरेष्ट ग्यालेलरीको सहकार्यमा कला साँस्कृति पर्यटन प्रचार प्रसार तथा प्रवर्द्वन कार्यक्रमको लागि विनियोजित बजेट रु, ५०००००।०० (अक्षरुपी पाँच लाख रुपैंयालाई) गाउँपालिकाको हिजो र आजको तुलना कार्यक्रम सञ्चालन शिर्षकमा रकमान्तर गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

१५.यस लिम्चुङबुङ गाउँपालिका भित्र जग्गा वर्गिकरण गर्ने कार्य अगाडी बढाउने भनि सर्वसम्मत निर्णय गरियो ।

१६.यस गाउँपालिकामा विपद तथा आर्थिक सहयोगको लागि निवेदन पेश गरेको खण्डमा निजहरुलाई राहत तथा आर्थिक सहयोग गर्नु परेमा पेश्की रकम लिई वितरण गर्नको लागि लेखा सहायक श्री ज्ञानेन्द्र राईलाई जिम्मेवारी दिने भनि सर्वसम्मत निर्णय गरियो ।

१७.यस लिम्चुङबुङ गाउँपालिका अन्तर्गत यदि कुनै गर्भवती महिलाले बच्चालाई जन्म दिई निजको मृत्यू भएमा नवजात शिशुलाई बचाउनको निम्ती घरको आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाई ६ महिना भित्र दुहुनो गाई उपलब्ध गराउने भनि सर्वसम्मत निर्णय गरियो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) को (ञ) बमोजिम प्रमाणित गरिएको ।

१८.यस लिम्चुङबुङ गाउँपालिकाको प्राविधिक शाखामा कार्यरत ईन्जिनियरलाई प्रदान गरिदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिने भनि सर्वसम्मत निर्णय गरियो ।

१९.यस गाउँपालिकाको लागि बहुक्षेत्री पोषण कार्यक्रम शिर्षकमा प्राप्त बजेटलाई पोषण समितिले गरेको ब्रेकडाउन गरेको योजनाहरुलाई स्वीकृत गरी कार्यान्वयन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

२०.यस लिम्चुङबुङ गाउँपालिकाको स्वीकृत साँस्कृतिक प्रतिष्ठान ऐन अनुसार २०८२ को दफा ९ बमोजिम सात जना कार्य समिति गठन गर्नु पर्ने भएको हुँदा मिति २०८२/११/१५ गतेको कार्यपालिका बैठकको निर्णय बमोजिम श्री विश्वराम राईलाई संयोजकको जिम्मेवारी दिएको हुँदा उहाँकै सिफारिसमा बढिमा ७ जना नकट्ने गरी कार्य समिति गठन गर्नको लागि अनुमति दिने भनि सर्वसम्मत निर्णय गरियो ।

२१.यस लिम्चुङबुङ गाउँपालिकाको विद्यालय अनुदान व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ लाई पहिलो संशोधन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

२२.यस लिम्चुङबुङ गाउँपालिकाको शिक्षा शाखामा कार्यरत कर्मचारी श्री गोबिन्द कार्कीलाई लिम्चुङबुङ गाउँपालिकाले सुरु गरेको शिक्षामा सीप कार्यक्रम बारे शोध अनुसन्धान गर्नको लागि अनुमति दिने भनि सर्वसम्मत निर्णय गरियो ।

सन्देश राई
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा (२) को (ज) बमोजिम प्रमाणित गरिएको ।

लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर
कोशी प्रदेश, नेपाल